# <u>प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५</u>

<u>प्रदेश सरकारबाट स्वीकृत मिति</u>
२०७५/०८/२८

**<u>संशोधनः</u>**
प्रथम संशोधन मिति २०७५/१२/०४
दोस्रो संशोधन मिति २०७६/०६/१५
तेस्रो संशोधन मिति २०७६/०९/२१

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रको पूर्वाधार विकासमा टेवा पुर्याउने उदेश्य अनुरुप प्रदेश सरकारले विनियोजन ऐनमा व्यवस्था गरेबमोजिम स्थानीय पूर्वाधार विकास कार्यक्रमलाई विश्वसनीय, प्रभावकारी, पारदर्शी, जवाफदेही एवं कार्यन्वयनयोग्य बनाउन वान्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"उपभोक्ता समिति"** भन्नाले स्थानीय तहमा संचालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले यस नियमावली बमोजिम संचालन हुने निर्वाचन क्षेत्र विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रमअन्तर्गत संचालन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउछ ।

(ग) **"कार्यालय"** भन्नाले गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय, प्रदेश नं. १ सम्झनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले यस नियमावली बमोजिम गठित कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ र सो शब्दले अनुगमन समिति र स्थानीय तहको जाँचपास समितिलाई समेत जनाउँछ ।

(च) **"संयोजक"** भन्नाले सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित प्रदेश सभा सदस्य सम्झनु पर्छ ।

(छ) **"सदस्य"** भन्नाले यस नियमावली बमोजिम गठित समितिको सदस्य सम्झनु पर्छ ।

(ज) **"सचिव"** भन्नाले जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(झ) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. **कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिः** (१) यस नियमावली बमोजिम कार्यक्रमको छनौट, संचालन, व्यवस्थापन तथा अनुगमनसमेत गर्न प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेको निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्य - संयोजक

(ख) संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य - सदस्य

(ग) जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख - सदस्य

(घ) सम्वन्धित निर्वाचन क्षेत्रका नगरपालिका/गाउँपालिकाका प्रमुख/अध्यक्ष - सदस्य

(ङ) जिल्ला समन्वय अधिकारी - सदस्य सचिव

४. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछ । ✂ ......................................................

◆(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समिक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनौट सम्बन्धी छलफल गरि निर्णय गर्न प्रत्येक आर्थिक वर्षको कार्तिक पन्ध्र गते भित्र,

◆(ख) चालु आर्थिक वर्षमा कार्यान्वयन रहेको कार्यक्रमको मार्ग दर्शन गर्न माघ मसान्त सम्म,

◆(ग) चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेको कार्यक्रमको समिक्षा गर्न जेष्ठ पन्ध्र गते सम्म ।

---

✂ दोस्रो संशोधनद्वारा हटाइएको

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

(२) समितिको बैठक संयोजकको निर्देशनमा सचिवले तोकेको जिल्ला समन्वय समिति वा नगरपालिका वा गाँउपालिकाको कार्यालयमा बस्नेछ ।

(३) उपनियम (२) बमोजिम बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) कुनै सदस्यको अनुपस्थितिको कारणले मात्र समितिको बैठकको काम कारवाहीमा बाधा पुग्ने छैन ।

(५) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ । यसरी सर्वसम्मति हुन नसकेमा संयोजकको मत निर्णायक हुनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) बमोजिमको निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम संकलन तथा विश्लेषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत संचालन हुने आयोजना छनौटका मापदण्डहरु तयार गर्ने,

(ग) योजना छनौट कार्यदल गठन गर्ने,

(घ) छनौट भएका कार्यक्रम तथा आयोजनाको स्वीकृति प्रदान गर्ने,

(ङ) समितिबाट स्वीकृत भएका कार्यक्रम तथा आयोजना कार्यान्वयनको लागि मन्त्रालय र सम्बन्धित स्थानीय तहमा लेखी पठाउने,

(च) कार्यक्रम तथा आयोजना अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरुको अनुगमन गर्ने,

(छ) कार्यक्रम तथा आयोजना संचालनमा आउने बाधा अड्चन सामाधान गर्न पहल गर्ने।

६. **आयोजनाको किसिम**: (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजनाहरु संचालन गरिनेछः-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साईट निर्माण आयोजना,

(घ) ऐतिहासिक, साँस्कृतिक, साहित्य, कला एवं पुरातात्विक/पर्यटकीय स्थलको संरक्षण, जीर्णोद्धार तथा निर्माण आयोजना,

(ङ) नवीकरणीय उर्जा, लघु-जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसुती भवन, बाल विकास केन्द्र, विपन्न एवं भूमिहीन ✎अपाङ्गता भएका नागरिकहरुको लागि आवास भवन, बृद्धाश्रम, अनाथालय तथा पुर्नस्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

❖(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि एवं पशुपंक्षी हाट बजार व्यवस्थापन सम्बन्धी पूर्वाधार आयोजना,

❖(ज) उद्योग तथा पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार आयोजना,

(झ) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

❖(ञ) आधुनिक शिक्षा, प्राविधिक शिक्षा एवं जनउपयोगी शिक्षा, आधारभूत एवं उच्च शिक्षा सम्वन्धी पूर्वाधार आयोजना,

(ट) सार्वजनिक उद्यान तथा सभागृह निर्माण सम्बन्धी आयोजना,

(ठ) गैर नाफामूलक संघ संस्थाहरुको सामुदायिक संरचना तथा पूर्वाधार सम्वन्धी आयोजना,

❖(ड) आधारभूत आवश्यकतालाई सम्वोधन गर्ने सम्वन्धी अन्य पूर्वाधार आयोजना ।

◆(२) उपनियम (१) बमोजिमका आयोजना संचालन गर्दा सामाग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन । तर कुनै गैर सरकारी संस्थाले तीस प्रतिशत भन्दा बढी रकम आयोजना संचालनका लागि साझेदारी गर्न चाहेमा त्यस्ता गैर सरकारी संस्था मार्फत आयोजना संचालन गर्न सकिनेछ ।

७. <u>आयोजना छनौट</u>: (१) समितिले नियम ६ बमोजिम प्रस्ताव भएका आयोजनाहरु मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना छनौट गर्नु पर्नेछ ।

✂(२) ......................................................

---

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

◆ दोस्रो संशोधनद्वारा संशोधित

✂ दोस्रो संशोधनद्वारा हटाइएको

◆(३) समितिले आयोजना छनौट गर्दा सम्भव भए सम्म एक आर्थिक वर्षमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिम कार्यान्वयन तालिका सहित सम्बन्धित स्थानीय तहमा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा पठाइ सक्नु पर्नेछ ।

[1](४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने आयोजनाको हकमा स्थानीय तहले उक्त आयोजनालाई आफ्नो योजनामा समावेश गरी बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सक्नेछ । तर सो सम्बन्धी निर्णय समितिले मन्त्रालयमा सात दिनभित्र पठाउनु पर्नेछ र मन्त्रालयले सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई गराए पछि आर्थिक मामिला तथा योजना मन्त्रालयले सो सम्बन्धमा रकम निकासाको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

[2](५) उपनियम (४) बमोजिमको विवरणको आधारमा समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी अनुसूची-३ बमोजिमको वार्षिक कार्यक्रमको ढाँचासमेत संलग्न गरी आयोजना छनौट भएको दश दिनभित्र मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउनु पर्नेछ ।

[3](६) उपनियम (५) बमोजिम प्राप्त भएको विवरणको आधारमा मन्त्रालयले कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहमा रकम निकासका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(७) उपनियम (३) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिमको रकम निकासा हुने छैन ।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछः-

(क) स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) अपेक्षाकृत बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपदबाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनिकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(ङ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी छनौट गर्नका लागि अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

---

◆ दोस्रो संशोधनद्वारा संशोधित

[1] प्रथम संशोधनद्वारा संशोधित

[2] प्रथम संशोधनद्वारा संशोधित

[3] प्रथम संशोधनद्वारा संशोधित

(च) साविकको स्थानीय निकाय, स्थानीय तह, साविकको जिल्ला विकास समिति, विषयगत कार्यालय तथा समुदायद्वारा संचालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धी आयोजना ।

✂(९) ..................................................

(१०) अन्य निकायहरुसँगको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, ◆विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नामसमेत खुल्ने गरी सोको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राखु पर्नेछ ।

(११) कार्यक्रम अन्तर्गत एक आर्थिक वर्षमा एक निर्वाचन क्षेत्रमा बढीमा ◆एक्काईस वटा आयोजना छनौट गर्न सकिनेछ ।

(१२) उपनियम (११) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा कम्तीमा ◆पचास लाख रुपैंया विनियोजन हुने गरी कम्तीमा एक आयोजना अनिवार्यरुपमा छनौट गर्नु पर्नेछ ।

◆(१३) उपनियम (१) बाहेकको अन्य आयोजना छनौट गर्दा दश लाख रुपैयाँ भन्दा कम रकमको आयोजना छनोट गर्न पाईने छैन ।

❖(१४) समितिले छनौट गरि पठाएको आयोजना नियम ६ वमोजिम नभएमा वा प्रथम चौमासिक अवधिभित्र कुनै आयोजनाको सम्बन्धमा सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिर्वतन गरी पौष मसान्तभित्र सोही स्थानीय तह अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ ।

✂..................................................

[4](१५) उपनियम (१४) बमोजिम आयोजना परिर्वतन भएको जानकारी समितिले सात दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ ।

[5](१६) यस नियमावली बमोजिम मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आयोजना छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी सचिवको हुनेछ ।

---

✂ दोस्रो संशोधनद्वारा हटाइएको

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

✂ दोस्रो संशोधनद्वारा हटाइएको

[4] प्रथम संशोधनद्वारा संशोधित

[5] प्रथम संशोधनद्वारा संशोधित

८. **कार्यक्रममा साझेदारी गर्न सकिने**: (१) कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट साझेदारी गर्न सक्नेछ ।

◆(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तिमा दश प्रतिशत र अन्य आयोजना भए कम्तिमा वीस प्रतिशत रकम योगदान गर्नु पर्नेछ ।

✂(३)....................................................

(४) कार्यालयले ◆उपनियम (१), (२) र (३) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(५) समितिले लागत साझेदारी बढी हुने आयोजनालाई छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउनु पर्नेछ ।

९. **कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन**: [6](१) समितिले यस नियमावली बमोजिम छनौट भई आएका कार्यक्रम तथा आयोजनाको संचालन तथा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ ।

✎(२) उपनियम (१) वमोजिम छनौटभई आएका कार्यक्रम तथा आयोजना संचालन तथा कार्यान्वयन गर्नु सम्वन्धित स्थानीय तहको कर्तव्य हुनेछ ।

✎(३) उपनियम (१) वमोजिम छनौटभई आएका कार्यक्रम तथा आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन नगरेमा प्रदेश सरकारबाट दिइने अनुदान कटौती हुन सक्नेछ ।

✎(४) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम तथा आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन नगरेको खण्डमा छनौट भईसकेको कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारले वैकल्पिक व्यवस्था गर्न सक्ने छ ।

१०. **रकम निकासा सम्बन्धी व्यवस्था**: [7](१) आर्थिक मामिला तथा योजना मन्त्रालयले ✂........... कार्यक्रम कार्यान्वयन गर्ने गरी निश्चित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

---

◆ दोस्रो संशोधनद्वारा संशोधित

✂ दोस्रो संशोधनद्वारा हटाइएको

◆ दोस्रो संशोधनद्वारा संशोधित

[6] प्रथम संशोधनद्वारा संशोधित

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

[7] प्रथम संशोधनद्वारा संशोधित

✂ दोस्रो संशोधनद्वारा हटाइएको

(२) समितिले नियम ७ बमोजिम आयोजना छनौट गरी पेश गरिसके पछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न कुनै बाधा पर्ने छैन ।

**११. <u>सार्वजनिक परीक्षण</u>:** (१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरुको कार्य सम्पन्न भएपछि कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले समितिको संयोजक वा सदस्यको उपस्थितिमा सार्वजनिक लेखा परिक्षण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिक्षण देहायबमोजिम गर्न सकिनेछः-

(क) सार्वजिनक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट सामाजिक परीक्षण गराएर ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परिक्षण गरेको प्रतिवेदन संग्लग्न नभएसम्म स्थानीय तहले अन्तिम भुक्तानी दिने छैन ।

**१२. <u>लेखा तथा लेखापरीक्षण</u>:** [8](१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ ।

**१३. <u>सुपरिवेक्षण तथा अनुगमन</u>:** (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्ष ✎<u>र सम्बन्धित वार्ड अध्यक्ष</u> सम्मिलित एक अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले एक आर्थिक वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सोको प्रतिवेदन समितिलाई दिनु पर्नेछ र समितिले यसरी प्राप्त प्रतिवेदनमा आफ्नो राय समेत समावेश गरी सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ ।

✎(३क) प्रदेश सरकारले गठन गरेको अधिकार सम्पन्न अनुगमन समितिले समेत यस नियमावली बमोजिम संचालन हुने आयोजनाको अनुगमन निरिक्षण गरी सम्बन्धित

---

[8] प्रथम संशोधनद्वारा संशोधित

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

✎ दोस्रो संशोधनद्वारा थप गरिएको

समितिका संयोजक, सम्बन्धित स्थानिय तह वा मन्त्रालयलाई आवश्यक सुझाव दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिईएको सुझावहरु कार्यान्वयन गर्नु समिति, सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(५) समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

१४. **<u>आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारकः</u>** (१) उपभोक्ता समितिमार्फत संचालन भएका आयोजनाको हकमा सम्बन्धित उपभोक्ता समितिले खर्चको बील भौचर सहितको विवरण र ठेक्काबाट भएकाको हकमा ठेक्का बील सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले जाँचपासको लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले बजेट अनुसार काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट बजेट अनुसारको काम भएको भन्ने देखिन आएमा स्थानीय तहको जाँचपास समितिले त्यस्तो कामको आवश्यक जाँचबुझ गरी सकेसम्म छिटो जाँचपास गरी दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम जाँचपास समितिले जाँचपास गरिसकेपछि सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण तत्काल सार्वजनिक गर्नु पर्नेछ ।

१५. **<u>कार्यक्रमको प्रशासनिक खर्चसम्बन्धी व्यवस्थाः</u>** ◆(१) यस नियमावली बमोजिम संचालन हुने आयोजनाको छनौट गर्न, अनुगमन गर्न, आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न, प्रतिवेदन तयार गर्न, प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न सम्वन्धित जिल्ला समन्वय समितिलाई सून्य दशमलव पाँच प्रतिशत, सम्बन्धित स्थानीय तहमा कार्यक्रम संचालनका लागि पठाइने कुल रकमको एक दशमलव पाँच प्रतिशत कार्यक्रम संचालन गरिने स्थानीय तहमा र समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत सून्य दशमलव पाँच प्रतिशत कन्टेन्जेन्सी बापत रकम उपलब्ध गराईने छ ।

---

◆ दोस्रो संशोधनद्वारा संशोधित

*(१क) उपनियम १ बमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधि मार्फत प्राप्त गर्ने प्रशासनिक खर्च वापतको सून्य दशमलव पाँच प्रतिशतले हुने रकम जिल्ला सदरमुकाममा रहेको स्थानीय तहमा पठाइने छ र उक्त सम्वन्धीत स्थानीय तहबाट सो रकम नियम १५ को उपनियम (१) वमोजिम जिल्ला समन्वय समिति र नियम ३ वमोजिम गठित समितिका संयोजकले तोकेको प्रतिनिधिले तीन किस्तामा रकम भुक्तानी लिने छ ।

✍(१ख) उपनियम (१) बमोजिमको कन्टेन्जेन्सी रकमबाट जिल्ला समन्वय समितिले प्रशासनिक कार्यमा, सम्बन्धित स्थानिय तहले लागत इस्टिमेट तयार गर्न, मुल्याङ्कन गर्न, अनुगमन गर्न, फर फारक गरी भुक्तानी दिन र संयोजकको प्रतिनिधिले कार्यक्रम संचालन सम्बन्धी रेखदेख गर्ने, सहजीकरण गर्ने, सम्बन्धित स्थानीय तह र त्यस्ता स्थानीय तहबाट तोकिएको प्राविधिकसँग समन्वय लगायतको कार्यमा रकम खर्च गर्ने छ ।

(२) उपनियम (१) बमोजिमको रकम बैठक, यातायात, प्रतिवेदन तयारी तथा योजना संचालनमा खर्च गर्न सकिनेछ ।

१६. **कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) सम्वन्धित स्थानीय तहको ◆प्रमुख प्रशासकीय अधिकृतले संचालित कार्यक्रमको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र समितिमा पठाउनु पर्नेछ र समितिले सोको जानकारी मन्त्रालय समक्ष गराउनु पर्नेछ ।

(२) स्थानीय तहको प्रमुख ◆प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ ।

१७. **मन्त्रालयले निर्देशन दिन सक्नेः** यस नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समिति तथा अनुगमन समितिको कर्तव्य हुनेछ ।

१८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

---

* तेस्रो संशोधनद्वारा थप गरिएको

✍ दोस्रो संशोधनद्वारा थप गरिएको

◆ दोस्रो संशोधनद्वारा संशोधित

◆ दोस्रो संशोधनद्वारा संशोधित

१९. **<u>कार्यविधि बनाउन सक्ने</u>**: यस नियमावलीमा उल्लिखित व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२०. **<u>आवश्यक व्यवस्था गर्ने</u>**: यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## अनुसूची-१
(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

## <u>कार्यक्रम कार्यान्वयन तालिका</u>
## सम्बन्धित स्थानीय तहमा पठाउने विवरण

| क्र. सं. | संचालन हुने आयोजनाको विवरण | संचालन हुने गा.पा./न.पा/वडा नं./ टोल | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सहभागिबाट व्यहोर्ने रकम रु. | | | | | लभान्वित जनसंख्या | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | प्रदेश स्तर बाट | स्थानीय तहबाट | | | | | |
| | | | | | | | | | | | | | |

## ❖अनुसूची–२

(नियम ७ को उपनियम (५) सँग सम्बन्धित)

<u>सचिवले मन्त्रालयमा पठाउनु पर्ने विवरण</u>

जिल्लाः    प्रदेश निर्वाचन क्षेत्रः    आर्थिक वर्ष

| क.सं. | संचालन हुने | | | | विनियोजित रकम | प्रशासनिक खर्च | | | | कार्यक्रम बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | स्थानिय तहको नाम | टोल | वडा नं. | | जिल्ला समन्वय समिति | स्थानिय तह | प्रतिनिधि | जम्मा | |
| १ | | ........ पालिका | | | | | | | | |
| २ | | ........ पालिका | | | | | | | | |
| ३ | | ........ पालिका | | | | | | | | |
| ४ | | ........ पालिका | | | | | | | | |
| ५ | | ........ पालिका | | | | | | | | |
| ६ | | ........ पालिका | | | | | | | | |
| ७ | | ........ पालिका | | | | | | | | |
| ८ | | ........ पालिका | | | | | | | | |
| ९ | | ........ पालिका | | | | | | | | |
| १० | | ........ पालिका | | | | | | | | |
| ११ | | ........ पालिका | | | | | | | | |
| १२ | | ........ पालिका | | | | | | | | |
| १३ | | ........ पालिका | | | | | | | | |

❖ तेस्रो संशोधनद्वारा थप गरिएको

| क्र.सं. | संचालन हुने | | | | विनियोजित रकम | प्रशासनिक खर्च | | | | कार्यक्रम बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | स्थानिय तहको नाम | टोल | वडा नं. | | जिल्ला समन्वय समिति | स्थानिय तह | प्रतिनिधि | जम्मा | |
| १४ | | ........ पालिका | | | | | | | | |
| १५ | | ........ पालिका | | | | | | | | |
| १६ | | ........ पालिका | | | | | | | | |
| १७ | | ........ पालिका | | | | | | | | |
| १८ | | ........ पालिका | | | | | | | | |
| १९ | | ........ पालिका | | | | | | | | |
| २० | | ........ पालिका | | | | | | | | |
| २१ | | ........ पालिका | | | | | | | | |
| | | | | जम्मा | | | | | | |

नामः

प्रदेश सभा सद

नियम ७ को उपनियम (५) सँग सम्बन्धित

## वार्षिक कार्यक्रम

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालय
४. विभाग/संस्था
५. कार्यक्रम आयोजनाको नाम
६. स्थान (क) जिल्ला
(ख) गा.पा./न.पा./वडा नं.
७. आयोजना सुरु भएको मिति
८. आयोजना पूरा हुने मिति
९. आयोजना/कार्यालय प्रमुखको नाम
निर्वाचन क्षेत्रः-

१०. वार्षिक बजेट रु.
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
(ग) दातृ संस्था

११. आयोजनाको कूल लागतः सुरुको संशोधित
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
१२. गत आ.व. सम्मका खर्च रु. (सोझै भुक्तानी र वस्तुगत समेत)
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान

रु. हजारमा

| क्र .सं. | कार्यक्रम/ क्रियाकलाप | आयोजनाको विवरण | संचालन हुने न.पा./गा.पा | एकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्यमध्ये गत आ .व.सम्मको | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | लागत | भार | सम्पन्न परिमाण | भारित प्रगति | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | |
| १ | २ | | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| (क) | जम्मा | | | | | | | | | | | | | | | | | | | | | |
| (ख) | प्रशासनिक खर्च | | | | | | | | | | | | | | | | | | | | | |
| (ग) | कुल जम्मा | | | | | | | | | | | | | | | | | | | | | |

आयोजनाकार्यालय प्रमुख/
मिति

विभागीयसंस्था प्रमुख/
मिति

प्रमाणित गर्ने
मिति